गोर्खाज फाइनान्स लिमिटेड

Gurkhas Finance Ltd.

चारखाल रोड, डिल्लीबजार

काठमाण्डौं, नेपाल ।

चौबीसौं वार्षिक साधारण सभाको

निर्णय (माइन्यूट)

गोर्खाज फाइनान्स लिमिटेडको

चौबीसौं वार्षिक साधारण सभाको

निर्णय (माइन्यूट)

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

१. **बैधानिक सभा:**

यस गोर्खाज फाईनान्स लिमिटेडको संचालक समितिको मिति २०७५ माघ ७ गते सोमबार वसेको ३८० औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा यस संस्थाको प्रबन्धपत्र तथा नियमावली बमोजिम बोलाईएको चौबीसौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री प्रेम बहादुर खापुङज्यूको सभापतित्वमा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी निर्णय गरियो ।

२. **सभाको मिति, स्थान र समय:**

मिति: २०७५ फागुन १० गते शुक्रबार (तदनुसार फेब्रुवरी २२, २०१९)

स्थान: सेलेब्रेशन ब्याङकेट, नक्साल, काठमाण्डौ ।

समय: विहान ११ बजे प्रारम्भ भै २:३० बजे सम्पन्न भयो ।

३. **सभाको सूचना:**

कम्पनी ऐन, २०६३ को दफा ६७ उपदफा (२) को प्रावधान अनुसार चौबीसौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुको लगतमा रहेको ठेगानामा सूचना पठाउनुका साथै सोही व्यहोराको सार्वजनिक सूचना मिति २०७५/१०/०८ गते **"अभियान राष्ट्रिय दैनिक"** मा प्रथम पटक र मिति २०७५/११/०५ गते **"नयां पत्रिका राष्ट्रिय दैनिक"** पत्रिकामा दोश्रो पटक प्रकाशित गरिएको थियो ।

४. **वार्षिक साधारण सभाको छलफलको विषय सूची:**

क) <u>सामान्य प्रस्ताव</u>

१. आर्थिक वर्ष २०७४/७५ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ आषाढ मसान्तको वासलात तथा २०७४ श्रावण १ देखि २०७५ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३. आ.व.२०७५/७६ को लागि संस्थाको लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल वहालवाला लेखापरीक्षक श्री महेश खनाल, एम खनाल एण्ड कम्पनी बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ६३ को उपदफा २ बमोजिम उहांको कार्य अवधि लगातार ३ वर्ष पुरा भइसकेकोले पून: नियुक्त हुन नसक्ने ।)

४. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने रिक्त भएको सञ्चालक पद संख्या १ मा संचालक समितिको ३६२ औं बैठकले बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा १४(२) 'ख' बमोजिम नियुक्ती गरेको सञ्चालकलाई बांकी कार्यकाल सम्मको लागि अनुमोदन गर्ने ।

५. स्वतन्त्र संचालक नियुक्तीको जानकारी सम्बन्धमा ।

ख) <u>विषेश प्रस्ताव</u>

१. संस्थाको प्रबन्धपत्र, नियमावली सम्बन्धमा नियमनकारी निकायबाट आवश्यक हेरफेर गर्न निर्देशन भएमा सोहि बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

ग) विविध ।

५. गणपुरक संख्या:

यस साधारण सभामा निम्न बमोजिम शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

कुल शेयर संख्या	जम्मा शेयरधनी संख्या	जम्मा शेयरधनी उपस्थिति संख्या	जम्मा प्रतिनिधित्व शेयर संख्या	प्रतिशत
८६,७९,९३८	११,६१८	५६०	४५,४४,८१६	५२.३६

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

६. सभाको वैधानिकता:

चौबीसौं वार्षिक साधारण सभाको वैधानिकताको सम्बन्धमा कम्पनी सचिवले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ कम्पनी ऐन, २०६३ तथा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीका प्रावधानहरु बमोजिम चौबीसौं वार्षिक साधारण सभा बोलाएको व्यहोरा सभामा जानकारी गराइयो । सभामा उपस्थित भएका सम्पूर्ण शेयरधनीहरु सभामा भाग लिन योग्य थिए । अत: कम्पनी ऐन, २०६३ को दफा ७३(२) अनुसार माथि उल्लेख भए बमोजिम आवश्यक गणपुरक संख्या समेत पुगेको व्यहोरा कम्पनी सचिवबाट सभा समक्ष जानकारी गराइयो । यसरी सभा संचालनको लागि कम्पनी ऐन, संस्थाको प्रबन्धपत्र तथा नियमावली अनुसार आवश्यक गणपुरक संख्या समेत पुगेको व्यहोरा कम्पनी सचिवले अवगत गराउनु भए पश्चात सभापतिबाट सभाको कारवाही शुरु गरियो ।

७. उपस्थिती:

<u>संचालक समितिका सदस्यहरुको उपस्थिति:</u>

१.	श्री प्रेम बहादुर खापुङ	अध्यक्ष	उपस्थित
२.	श्री यादव चन्द्र राई	संचालक	उपस्थित
३.	श्री राज गोविन्द राजकर्णिकार	संचालक	उपस्थित
४.	श्री चोक बहादुर मगर	संचालक	उपस्थित
५.	श्री देवी प्रसाद लिम्बु	संचालक	उपस्थित
६.	श्री खड्ग बहादुर गुरुङ्ग	संचालक	उपस्थित

<u>प्रतिनिधिहरुको उपस्थिति:</u>

१.	शेयर रजिष्ट्रार, NIBL क्यापिटल मार्केट्स लि.	: श्री बद्री प्रसाद प्याकुरेल
२.	बाह्य लेखापरीक्षक प्रतिनिधि	: श्री दिवश सुवेदी

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

पदाधिकारीहरुको उपस्थिति:

१.	श्री लाल बहादुर थिङ	: प्रमुख कार्यकारी अधिकृत
२.	श्री मुकुन्द श्रेष्ठ	: वरिष्ठ प्रबन्धक/कम्पनी सचिव
३.	श्री ज्ञानेन्द्र इवाहाङ	: वरिष्ठ प्रबन्धक
४.	श्री सुजन जोशी	: सहायक प्रबन्धक

<u>शेयरधनी तथा कर्मचारीहरुको उपस्थिति:</u>

१.	शेयरधनीहरु स्वयं उपस्थिति	४८८
२.	प्रोक्सी प्रतिनिधिहरु उपस्थिति	४०
३	कर्मचारीहरुको उपस्थिति	३२

८. सभाको सभापतित्व र सभा संचालन:

क) यस वित्तीय संस्थाको चौबीसौं वार्षिक साधारण सभाको संचालन संचालक समितिका अध्यक्ष श्री प्रेम बहादुर खापुङज्यूको सभापतित्वमा संचालकहरु, शेयरधनिहरु तथा आमन्त्रित प्रतिनिधिहरुको उपस्थितिमा शुरु गरियो ।

ख) चौबीसौं वार्षिक साधारण सभाका सभापतिले उपस्थित सबै शेयरधनि महानुभावहरुको स्वागत गर्दै आफ्नो मन्तव्य राख्नुभयो र आ.व.२०७४/७५ को वार्षिक प्रतिवेदन छलफल सहित पारित गरिदिन सभा समक्ष पेश गर्नुभयो ।

९. छलफलका लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरु:

क) सभा समक्ष सभापतिले संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भए पश्चात लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात तथा २०७४ श्रावण १ देखि २०७५ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण उपर छलफल गर्न उपस्थित शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

ख) उपरोक्त प्रतिवेदन तथा वासलात उपर छलफलको क्रममा देहायका शेयरधनी महानुभावहरुले आ-आफ्नो विचार, मन्तव्य, सुझाव तथा जिज्ञासाहरु व्यक्त गर्नुभयो ।

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

१. श्री शिव प्रसाद शर्मा
२. श्री चन्द्र नारायण श्रेष्ठ
३. श्री डमरु बल्लभ घिमिरे
४. श्री शिव प्रसाद पौडेल
५. श्री अमृत नाथ रेग्मी
६. श्री पुरञ्जन राई
७. श्री महेन्द्र बहादुर श्रेष्ठ
८. श्री इन्द्रकृष्ण श्रेष्ठ

१०. छलफलमा सहभागी शेयरधनिहरुबाट वित्तीय संस्थाको प्रगति तथा सफलताको कामनाका साथ व्यक्त गरिएका मन्तव्य तथा सुझावहरुको संक्षिप्त विवरणहरु:

- ❖ यस आर्थिक वर्षमा साधारण सभा केही ढिलो भएको र आगामी आर्थिक वर्षहरुमा समयमा नै साधारण सभा गर्न सुझाव दिनुभयो ।
- ❖ नेपाल राष्ट्र बैंकले राष्ट्रिय स्तरको वित्त कम्पनीलाई तोकिदिएको पूंजी समय भित्रै पुचाउन सफल भएकोमा धन्यवाद दिनुभयो ।
- ❖ आउदो आर्थिक वर्षमा लगानीकर्ताहरुलाई लाभांश दिन विषेश प्रयास गर्नु पर्ने सुझाव दिनुभयो ।
- ❖ निस्कृय कर्जाको अनुपात बढेकोले सो घटाउन विषेश ध्यान दिनुपर्ने, सञ्चिति नोक्सानी घटाई नाफा बढाएर आगामि वर्ष शेयरधनीहरुलाई लाभाशं दिने सक्ने गरी कार्य गर्नुपर्ने सुझाव दिनुभयो ।
- ❖ संस्थाका अधिकाशं शाखा प्रमुखहरु महिला कर्मचारी राख्नु भएकोमा धन्यवाद सहित सञ्चालक समितिमा पनि एक जना महिला सञ्चालक भएमा राम्रो हुने सुझाव दिनुभयो ।
- ❖ नवनियुक्त प्रमुख कार्यकारी अधिकृतलाई शुभकामना सहित आउदो वर्ष लगानीकर्ताहरुलाई प्रतिफल प्रदान गर्ने गरी कार्य गर्न सुझाव दिनुभयो ।
- ❖ संस्थाको भविष्य राम्रो भएको भन्दै सबै कर्मचारीहरु इमान्दार भई लगनशीलताका साथ कार्य गर्न सुझाव दिनुभयो ।
- ❖ निस्कृय कर्जा बढ्नु, व्याज खर्चको तुलनामा व्याज आय बढ्न नसक्नु, खराब कर्जाको अनुपात बढ्नु राम्रो नभएको तर यस आ.व.२०७५/७६ को पुष मसान्तसम्म ६ महिनामा संस्थाले प्राप्त गरेको उपलब्धीको प्रसंशा गर्नुभयो ।
- ❖ संस्थाको भावी योजना तथा रणनीति सम्बन्धमा शेयरधनिहरुले जिज्ञासा राख्नुभयो ।

११. सभापति श्री प्रेम बहादुर खापुङ ज्यूले प्रस्तुत गर्नुभएको जवाफहरु:

- ❖ शेयरधनी महानुभावहरुबाट संस्थाको प्रगति र उन्नतीको लागि दिइएको अमूल्य सुझावहरुलाई साधारणसभाका सभापतिले धन्यवाद दिदै शेयरधनीहरुको चिन्तन मनन्लाई

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

मार्ग दर्शन तथा हौसलाको रुपमा लिइएको धारणा व्यक्त गर्नुभयो ।साथै, सभापतिज्यूले शेयरधनीमहानुभावहरुद्वारा उठाइएका विभिन्न जिज्ञासा तथा प्रश्नहरुको जवाफ दिनुभयो ।

- ❖ नेपाल राष्ट्र बैंकले राष्ट्रियस्तरको वित्त कम्पनीलाई तोकिदिएको न्युनतम चुक्ता पुंजी पुराउने संस्थामा यस संस्था दोश्रो रहेको र यसमा सहयोग गर्ने सबै लगानीकर्ता, शेयरधनि महानुभावहरुलाई धन्यवाद दिनुभयो ।

- ❖ कर्मचारीहरुलाई उनीहरुको कार्य क्षमतामा अभिवृद्धि गर्न समय सापेक्ष उचित तालिमको व्यवस्था गर्दै ग्राहक वर्गहरुलाई गुणस्तरीय सेवा प्रदान गर्ने कुराको जानकारी गराउनुभयो ।

- ❖ संस्थाले आ.व. २०७५/७६ मा निस्कृय कर्जा र निक्षेप लागतलाई घटाएर व्यवसाय बृद्धि गरी सञ्चित नोक्सानीलाई घटाउने र शेयरधनीहरुलाई निश्चित लाभांश वितरण गर्ने योजना रहेको जानकारी गराउनुभयो ।

१२. सभाको निर्णय:

शेयरधनीहरुबाट उठाइएका मुलभुत विषयहरुको बुंदागत रुपमा जवाफ दिए पश्चात सभापतिले चौबीसौं वार्षिक साधारणसभाको लागि प्रस्तावित देहाय बमोजिमका निर्णयहरु पारित गरियोस् भनि सभा समक्ष प्रस्तुत गर्नु भएकोमा सभाबाट सर्वसम्मत पारीत गरियो ।

क) <u>सामान्य प्रस्ताव</u>

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको आ.व. २०७४/७५ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्न सभामा प्रस्ताव पेश हुंदा सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ आषाढ मसान्तको वासलात, आ.व.२०७४/७५ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु पारित गर्न सभामा प्रस्ताव पेश हुंदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

३. आ.व.२०७५/७६ को लेखापरीक्षण कार्य गर्नको लागि संस्थाको लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक सि.ए. श्री नील बहादुर सारु मगर, एनविएसएम एण्ड एशोसियट्सलाई गत वर्षकै बराबर पारिश्रमिक मुल्यअभिवृद्धि कर बाहेक

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

रु.३००,०००/- (रु.तीन लाख मात्र) दिने गरी नियुक्ती गरियोस् भनि सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

४. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने रिक्त भएको सञ्चालक पद संख्या १ मा संचालक समितिको मिति २०७५/०१/१० गते बसेको ३६२ औं बैठकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४(२) 'ख' बमोजिम नियुक्ती गरी साधारणसभामा सिफारिस गरी पठाएको सञ्चालक श्री खड्ग बहादुर गुरुङलाई सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने रिक्त सञ्चालक पद १ मा सञ्चालक समितिले नियुक्त गरेको मिति देखि नै लागु हुने गरी बाकी कार्यकाल सम्मको लागि नियुक्त गर्ने सर्वसम्मत निर्णय गरियो ।

५. स्वतन्त्र संचालक नियुक्तीको जानकारी सम्बन्धमा संस्थाको संचालक समितिको मिति २०७५/०१/१० गते बसेको ३६२औं बैठकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १७ बमोजिमको योग्यता भएका स्वतन्त्र सञ्चालक श्री देवी प्रसाद लिम्बुलाई नियुक्ती गरेकोमा सोही ऐनको दफा १४ को उपदफा ३ बमोजिम उक्त नियुक्ती पश्चात बस्ने पहिलो साधारण सभामा सो को जानकारी गराउनु पर्ने कानुनी व्यवस्था भए बमोजिम सञ्चालक समितिका अध्यक्षद्धारा स्वतन्त्र सञ्चालकको रुपमा श्री देवी प्रसाद लिम्बुलाई नियुक्ती गरेको व्यहोरा साधारण सभामा जानकारी गराउनु भयो ।

ख) <u>विषेश प्रस्ताव</u>

१. प्रबन्धपत्र तथा नियमावली सम्बन्धमा नियमनकारी निकायबाट आवश्यक संशोधन गर्न निर्देशन भएमा सोही बमोजिम हेरफेर गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सर्वसम्मत निर्णय गरियो ।

ग) <u>विविध</u> ।

विविध उपर छलफलका अन्य कुनै एजेण्डा नभएको जानकारी गराउनुभयो ।

१३. **धन्यवाद ज्ञापन:**

आजको सभामा छलफल गर्ने विषयहरु समाप्त भई पूर्वनिर्धारित विषय सूची बमोजिम सबै प्रस्तावहरु सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नुहुँदै सम्पूर्ण शेयरधनि महानूभावहरु, संचालक समिति, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेञ्ज, सिडियस एण्ड क्लेयरिङ्ग लि., यस संस्थाका शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल मार्केट्स लि, आन्तरिक तथा बाह्य लेखापरीक्षक, पर्यवेक्षक

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

प्रतिनिधिहरु लगायत कम्पनीका सम्पूर्ण कर्मचारीहरुलाई सभापतिज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

१४. सभा विसर्जन:

सभाका सभापतिबाट सभामा उपस्थित सबै शेयरधनि महानुभावहरुलाई उहांहरुको सहभागिता, निर्देशन तथा अमूल्य सुझावको लागि आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गरी संस्थाको चौबीसौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

....
मुकुन्द श्रेष्ठ
वरिष्ठ प्रबन्धक / कम्पनी सचिव

....
प्रेम बहादुर खापुङ
संचालक समितिका अध्यक्ष

मिति:२०७५/११/१० शुक्रबार ।